नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
कर्मचारी प्रशासन शाखा
पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।
EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौ

पत्र संख्या :- क.प्र./वि.एस्सी.मनोनयन/०७७/७८ नं.११८
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

"स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन"

२०७७/१२/२३

विषय :– सूचना ! सूचना !! सूचना !!!

यस मन्त्रालय र त्रिभूवन विश्व विद्यालय, वन विज्ञान अध्ययन संस्थान, डीनको कार्यालय, किर्तिपुर, काठमाडौं वीच भएको Memorandum of Understanding (MoU) बमोजिम प्रत्येक वर्ष वन तथा वातावरण मत्रालयबाट मनोनयन हुने गरी वि.एस्सी फरेष्ट्री (B.Sc. Forestry) तर्फ ९ जना (पोखरा तथा हेटौडा क्याम्पसको लागि क्रमशः ४ र ५ जना) कोटा प्राप्त भएको छ । शैक्षिक सत्र २०७७-२०८१ मा माथि उल्लेखित विश्व विद्यालयमा यस आर्थिक वर्ष २०७७/०७८ मा वि.एस्सी फरेष्ट्री अध्ययन गर्न इच्छुक संघ तथा प्रदेशमा समायोजन भई कार्यरत रहेका नेपाल वन सेवाका कर्मचारीहरुले देहायका कागजपत्र सहित मिति २०७७।१२।२७ गते कार्यालय समय भित्र आवश्यक कागजपत्र सहित निवेदन पेश गर्न हुन अनुरोध छ । सेवा अवधि ३ वर्ष पुरा भएको, न्यूनतम शैक्षिक योग्यता पुगेका र प्रवेश परीक्षामा उत्तीर्ण भएको, यस पूर्व अध्ययन विदा नलिएको, पैतालिस वर्ष ननाघेको, निजामती सेवा नियमावली, २०५० को नियम ४९ को खण्ड (ख) बमोजिमका आधार र नियम ५० बमोजिमको मापदण्डका व्यवस्था अनुसार छनौट गरिनेछ ।

पेश गर्नु पर्ने कागजपत्र :

१. नियुक्ति पत्रको छायाँकपी ।
२. राष्ट्रिय किताबखानामा रहेको व्यक्तिगत विवरण (PIS) को छायाँकपी ।
३. हालसम्म प्राप्त गरेको शैक्षिक योग्यताका प्रमाण पत्र र न्यूनतम शैक्षिक योग्यता खुल्ने शैक्षिक योग्यताको प्रमाण पत्रको छायाँकपीहरु ।
४. सम्बन्धित विभाग/प्रदेश मन्त्रालयले विभागीय कारवाहीमा नपरेको र कारवाही प्रक्रियामा नरहेको भनी गरेको सिफारिस पत्र ।
५. नागरिकताको छायाँकपी ।
६. यस पूर्व अध्ययन विदा लिए नलिएको व्यहोरा खुलेको निवेदन ।
७. विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको प्रमाणित विवरण (सरुवा र रमाना पत्र) को छायाँकपीहरु ।
८. तालिम प्राप्त गरेको प्रमाण पत्रको छायाँकपी ।
९. प्रवेश परीक्ष हुनु पूर्व लिएको अध्ययन आवेदन सहमती पत्रको छायाँकपी ।

(खेमराज काफ्ले)
शाखा अधिकृत

D:\SAGAR\SAGAR\Prashasan 2077-78\Letter\Letters 2077-12-01 To 2078-03-31.doc

फोन नं.:-४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४ फ्याक्स नं.:- ४२११८६८